नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५८१ मिति :- २०६९/५/१

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय थापाथली लगायत सम्पुर्ण कार्यालयहरु, इजाजतपत्रप्राप्त “क” वर्गका बाणिज्य बैंक तथा राष्ट्रियस्तरका “ख” वर्गका बिकास बैंकहरू ।

विषय :- प्रतीतपत्र विना ड्राफ्ट/टि.टि.को माध्यमबाट गरिने आयातको भुक्तानी व्यवस्था सम्बन्धमा ।

महाशय,

भारतवाहेक तेश्रो मुलुकहरूबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी सामान आयात गर्दा सोको भुक्तानी ड्राफ्ट/टि.टि.बाट गर्ने सम्वन्धमा निम्न व्यवस्था लागू गरिएको हुँदा सोही वमोजिम गर्नु/गराउन हुन विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. आयातकर्ता विधिवत रूपमा नेपाल सरकारको सम्वन्धित निकायमा दर्ता भएको हुनुपर्नेछ ।

२. नवीकरण गर्नुपर्ने भए अद्यावधिक नवीकरणसमेत भएको आयकर प्रमाणपत्र संलग्न हुनुपर्नेछ ।

३. रकम खुल्ने प्रोफर्मा इन्भ्वाइस (Proforma Invoice) संलग्न हुनुपर्नेछ ।

४. ड्राफ्ट/टि.टि.मार्फत भुक्तानी पठाउँदा Supplier को नाउँमा मात्र भुक्तानी पठाउन सकिनेछ ।

५. यस्तो सुविधा बढीमा एकपटकमा अमेरिकी डलर ३०,००० (तीस हजार) वा सो बरावरको परिवर्त्य विदेशी मुद्रा सम्मको लागि मात्र प्रदान गर्न सकिनेछ ।

६. यस व्यबस्था अन्तरगत एउटा Beneficiary ले भुक्तानी पाउने गरी एउटै Applicant द्वारा सात कार्यदिनको अन्तरालमा अमेरिकी डलर ३०,००० (तीसहजार) वा सो बरावरको परिवर्त्य विदेशी मुद्रा भन्दा बढी हुने गरी यस्तो सुविधा प्रदान गर्न पाइने छैन ।

७. यस्तो सुविधा अन्तर्गत सामान आयात गर्दा अनिवार्य रूपले Airway Bill हुनुपर्नेछ । Hand Carry गरी सामान ल्याउनेको हकमा यो सुविधा उपलव्ध हुने छैन ।

८. यस व्यवस्था अन्तर्गत आयात हुने वढीमा अमेरिकी डलर ५०० (पाँचसय) सम्म मूल्यका लत्ता कपडा, श्रृंगारका क्लिप/काँटा, जुत्ता, चप्पल, खानेकुरा जस्ता बस्तु मात्रका लागि Airway Bill आवश्यक नहुने तर त्रिभुवन विमानस्थल भंसार कार्यालयको काउन्टर डिपोजिट रसीदको प्रतिलिपि हुनुपर्नेछ ।

९. भारतको कोलकाता बन्दरगाह भई तेश्रो मुलुकवाट आयात हुने बस्तुहरूको हकमा प्रतीतपत्र नखोलिएका केशहरूको लागि नेपाल सरकार, वाणिज्य बिभागले जारी गर्ने इजाजतपत्र आवश्यक पर्ने हुँदा सो व्यहोराको जानकारी कोलकाताबाट आयात गर्ने प्रत्येक आयातकर्तालाई अनिवार्य रूपमा गराउनुपर्नेछ ।

१०. खुल्ला इजाजत (OGL) अन्तर्गतका सामानहरूको लागि मात्र यो सुविधा प्रदान गर्न सकिनेछ ।

११. यस प्रयोजनको लागि प्रदान गरिएको ड्राफ्ट/टि.टि.को मिति उपरोक्त काउन्टर डिपोजिट रसीदको मितिभन्दा अघिको हुनुपर्नेछ ।

१२ यस्तो सुविधा लिन चाहने आयातकर्ताबाट माथि उल्लेखित कागजातहरू संलग्न गरी यसैसाथ संलग्न वि.वि.नि.फा.नं.३ (क) भराई राख्नुपर्नेछ । साथै ड्राफ्ट/टि.टि. उपलब्ध गराउने वेलामा संलग्न वि.वि.नि.फा.नं.४ (क) भरी सम्वन्धित भंसार कार्यालयको नाउँमा पठाउनुपर्नेछ ।

१३. यस व्यवस्था अन्तरगत सम्बन्धित भन्सार कार्यालयको नाममा वि.वि.नि.फाराम जारी गर्दा आयातकर्ताले भुक्तानी पठाउने प्रयोजनको लागि पेश गरेको विल/विजक आदि कागजात समेत सम्बन्धित बैंक / वित्तीय संस्थाले प्रमाणित गरी उक्त फारामसाथ संलग्न गर्नु पर्नेछ ।

१४. तोकिएको अवधि भित्र भंसारबाट सामान पैठारी भएको प्रमाणित हुने वि.वि.नि.फा.नं.४(क) एवं एयरवे बील (Airway Bill) पेश नगर्नेको हकमा यस बैंकलाई जानकारी गराउनुपर्ने व्यवस्था साविक वमोजिम नै कायम गरिएको छ ।

१५. सम्वन्धित वित्तीय संस्थाले ड्राफ्ट/टि.टि. जारी हुँदाकै बखत आयातकर्ताबाट सटही रकमको १० (दश) प्रतिशत वरावरको रकम धरौटीको रूपमा अनिवार्य रूपमा लिनुपर्नेछ । यस बैंक द्वारा जारी परिवर्त्य विदेशी मुद्रामा गरिने आयात प्रतीतपत्र कारोवार सम्बन्धी व्यवस्थाको "धरौटी सम्बन्धी व्यवस्था" मा उल्लेख भए बमोजिम नै हुनेछ । (इ.प्रा. परिपत्र संख्याः ५८० को बुँदा (५) मा व्यबस्था भए बमोजिम) सो धरौटी रकम वरावरको चेक जारी गर्ने सम्बन्धी व्यवस्था आयात प्रतीतपत्र सम्बन्धी ब्यवस्था बमोजिम नै कायम गरिएको छ । तर, आयातकर्ताको परिवर्त्य विदेशी मुद्रा खाता खर्च हुने अवस्थामा भने यो लागू हुने छैन ।

१६. यस्तो सटही सुविधा माग गर्ने आयातकर्ताहरूवाट आयात गरिने वस्तुहरू आयात गरी नसकेको प्रतिबद्धता समेत अनिवार्यरूपमा लिनुपर्नेछ ।

१७. भारत बाहेक तेस्रो मुलुकबाट सामान आयात गर्ने प्रयोजनको लागि पठाइएको अग्रीम भुक्तानी बापतको रकम कारणवश विक्रेताले सामान सिपमेन्ट नगरी फिर्ता पठाएमा भन्सार कार्यालयको नाममा जारी भएको चेक सम्वन्धित बैंक/वित्तीय संस्था आफैले रद्द गर्नसक्नेछ ।

१८. यस बैंकवाट मिति २०६३/१२/११ मा जारी इ.प्रा. परिपत्र संख्याः ३८५ र मिति २०६६/१२/२० मा जारी इ.प्रा. परिपत्र संख्याः ५२३ खारेज गरिएको छ ।

भवदीय,

(लिलाप्रकाश सिटौला)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६. श्री विकास बैंक सुपरिवेक्षण विभाग ।
७. श्री वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
८. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
१०. श्री सूचना प्रविधि विभाग ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाडौ ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एशोसियसन, अनामनगर, काठमाडौ ।
१३. श्री नेपाल उद्योग वाणिज्य महासंघ, मिलन मार्ग, टेकु ।
१४. श्री नेपाल उद्योग परिसंघ, मिलन मार्ग, टेकु ।

(इ.प्रा. परिपत्र संख्या- ५८१ को प्रयोजनको लागि)

वि.वि.नि.फा.नं.३ (क)

मिति :

… … … … …
… … … … .. शाखा ।

विषय :- ड्राफ्ट/टि.टि. सटही सुविधा ।

श्री मैनेजरज्यू,

यस फर्म/कम्पनीलाई निम्न सामान आयात गर्नुपर्ने भएको र सो को भुक्तानी प्रतीतपत्रको माध्यमबाट नभईकन ड्राफ्ट/टि.टि. को माध्यमबाट गर्नुपर्ने हुँदा कृपया निम्न विवरण वमोजिमको विक्रेता/उत्पादनकर्ता/फर्म/कम्पनीको नाममा निम्नानुसार विदेशी मुद्रा सटही सुविधा उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु । उपरोक्त सटही अनुसारको वस्तु आयात गरी सो को निस्सा एवं यसको लागि प्राप्त एयरवे बील (Airway Bill) को प्रतिलिपि ९० (नव्वे दिन भित्र पेश गर्नेछु । उपरोक्त मालवस्तु आयात गरी नसकेको व्यहोरा समेत अनुरोध गर्दछु ।

१. वस्तुको नाम :
२. परिमाण :
३. वि.मु. रकम :
४. भुक्तानी पाउने विक्रेता/उत्पादनकर्ता/फर्म/कम्पनीको नाम ठेगाना :

निवेदक,

आधिकारिक दस्तखत …………………….
(आयातकर्ता फर्म/कम्पनीको नाम र छाप)

(इ.प्रा. परिपत्र संख्या- ५८१ को प्रयोजनको लागि)

वि.वि.नि.फा.नं.४ (क)

… … … … …

… … … … .. शाखा

मिति :

नेपाल सरकार

……………………. भंसार कार्यालय

………………………………… ।

विषय :- ड्राफ्ट/टि.टि. सटही सुविधा ।

निम्न विवरण वमोजिमको सामानको पैठारीको लागि मेशर्श श्री … … … … लाई यस बैंक/वित्तीय संस्थाबाट निम्नानुसारको विदेशी मुद्राको ड्राफ्ट/टि.टि. प्रदान गरिएको व्यहोरा प्रमाणित गरिएको छ । साथै, आयातकर्ताले उक्त वस्तु एयरवे विल जारी गराई हवाई मार्गवाट ढुवानी गर्ने व्यहोरा पनि अनुरोध छ । यस सम्वन्धी प्रोफर्मा इन्भ्वाइसको प्रतिलिपि यसैसाथ संलग्न छ । साथै माथि उल्लेखित ड्राफ्ट/टि.टि. को मिति भन्दा अगाडि नै नेपाल भित्रिसकेको मालवस्तुहरूको आयातको लागि यो फाराम प्रयोग गर्न नमिल्ने व्यहोरा पनि अनुरोध छ ।

| १. | आयात गरिने सामानको विवरण | हारमोनिक कोड नम्वर | परिमाण | सटही लिएको कुल वि.मु. रकम |
|---|---|---|---|---|

भवदीय,

अधिकार प्राप्त अधिकारीको दस्तखत …………………

बैंक/वित्तीय संस्थाको छाप

विवरण तयार गर्नेको दस्तखत

---

भंसार प्रयोजनको लागि

माथि उल्लेखित विवरण अनुसारको मुल्य वि.मु. …………… को जम्मा ……………. परिमाणको ………………. सामानहरू मिति ……………….. को भंसार रसिद नं. ……………. वाट यस भंसार कार्यालयवाट छुटाई लगेको प्रमाणित गर्दछौं ।

-------------------------------------

भंसार अधिकृतको

दस्तखत र छाप

नोटः (क) पहिलो २ प्रति भंसार प्रयोजनको लागि (भंसार कार्यालयवाट प्रमाणित गरिसकेपछि १ प्रति सम्वन्धित बैंक/वित्तीय संस्थामा नै वुझाउनुपर्ने)

(ख) तेश्रो प्रति सम्बन्धित बैंक/वित्तीय संस्थामा अभिलेख राख्नुपर्ने ।